**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - ९**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ जेठ ०५ गते आइतबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको नवौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **दिनको १:००** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती) लाई समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्न अनुमति दिनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ भएको जानकारी गराउँदै सो विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा समेत अवगत गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्ताव माथिको छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. ठगेन्द्र प्रकाश पुरी
२. मा. वृषेश चन्द्र लाल
३. मा. रामनारायण विडारी
४. मा. बद्री प्रसाद पाण्डे
५. मा. अनिता देवकोटा
६. मा. जितेन्द्र नारायण देव
७. मा. प्रकाश पन्थ
८. मा. खेमराज नेपाली
९. मा. प्रमिला कुमारी
१०. मा. डा. विमला राई पौड्याल
११. मा. जीवन बुढा

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले उक्त प्रस्ताव स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५" माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल जेठ ६ गते सोमबार दिनको १:०० बजे** बस्ने गरी **दिनको १:५५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(मनोहरप्रसाद भट्टराई)**
**संघीय संसदको महासचिव**